पत्र संख्याः– राजश्व शाखा (२०७९/८०)　　　　भानुपथ इलाम कोशि प्रदेश, नेपाल

गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा तपसिलमा तोकिएको मान्य अवधि भएको बैंक जमानत (ग्यारेण्टि) पेश गर्नु पर्नेछ ।

७) शिलबन्दी सोझै वार्ता/दरभाउपत्र कागजात/ फारामको वि.ओ.क्यु. को दररेट महलमा प्रस्ताव गरिएको दररेट अङ्क र अक्षरमा प्रस्ट लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

८) यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति/ फर्म/संस्था को ठेक्का स्वीकृत हुने छैन ।

९) ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । वा ठेक्का स्वीकृत भए पछि ठेक्का प्रस्तावदाताले स्वीकृत ठेक्काको एक तिहाइ बराबरको रकम यस कार्यालयको नाममा तोकिएको बैंक खातामा नगदै पहिलो किस्ता बापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर तथा कुल ठेक्का अङ्कको दुइ तिहाइ रकम बराबरको रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा परफरमेन्स वण्ड आवश्यक पर्ने छैन ।

१०) ठेक्का रकम बढीमा ३ किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता बापतको रकम नगदै (स्वीकृत ठेक्का अङ्कको एक तिहाइ बराबरको रकम) वा स्वीकृत ठेक्का अङ्क बराबरको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्क वा वित्तिय सस्थाबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा चालु आ.व. को अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) अनिवार्य बुझाउनु पर्नेछ । ठेक्का रकम बुझाउदा प्रत्येक किस्ताको रकम उक्त किस्ता बुझाउने चौमासीक अवधिको अन्तिम सम्ममा बुझाउनु पर्नेछ । एकमुष्ट ठेक्का रकम अग्रिम बुझाउन चाहेमा कुल ठेक्का अंकको १०% प्रतिशत रकम छुट दिइनेछ ।

११) ठेक्का प्रस्तावदाताले नगरपालिकाले तोकेको कर तोकिएको संङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।

१२) आय ठेक्काको बन्दोबस्ती अवधि २०८०/०४/०१ गते देखि लागू भई २०८१ आषाढ मसान्त सम्म कायम रहनेछ ।

१३) ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा ठेक्का प्रस्तावदाता र कार्यालयबीच विवाद वा अस्पष्टता भएमा सम्झौताको शर्त, नगर कार्यपालिकाको निर्णय, प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारले सो सम्बन्धमा जारी गरेका मापदण्ड/कार्यविधि/निर्देशिका/निर्देशन अनुसार हुनेछ ।

१४) प्रचलित कानुन बमोजिम ***मु.अ.कर, टिडिएस,*** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर लगायतका सम्पुर्ण दायीत्वहरु ठेक्का प्रस्तावदाता स्वयंमले व्यहोर्नु पर्नेछ । उल्लेखित दायीत्वहरु ठेक्का प्रस्तावदाताले ठेक्का सम्वन्धि कागजात (विओक्यु) मा कवोल गरीएको रकम अनुसारको सम्वन्धित निकायहरुमा बुझाउनु पर्नेछ ।

१५) यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत